# मोवाइल डिभाइस मेनेजमेन्ट सिस्टम संचालन सम्वन्धि

# नेपाल दूरसंचार प्राधिकरणको अत्यन्त जरुरी सूचना

मोवाइल सेटको आयात पुर्व अनिवार्य रुपमा प्राधिकरणबाट स्तर स्वीकृति (Type Approval) गर्न तथा IMEI No. दर्ता गर्नु पर्ने प्रावधान भएकोले सो को लागि नेपाल दूरसंचार प्राधिकरणबाट मोवाइल डिभाइस मेनेजमेन्ट सिस्टम लागु गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ |

हाल पहिलो चरणमा व्यवसायिक आयात कर्ताले मोवाइलको आयात गर्दा IMEI Registration मोवाइल डिभाइस मेनेजमेन्ट सिस्टम मार्फत गर्ने व्यवस्था मिलाइएको छ | साथै यस प्रणालीलाई क्रमशः पूर्ण रुपमा लागु गरी मोवाइलको आयात एवम प्रयोगलाई थप व्यवस्थित, भरपर्दो र सुरक्षित बनाईने छ |

हाललाई व्यक्तिगत रुपमा आयात गरेको मोवाइलको दर्ता प्राधिकरणको वेवसाईट https://eir.nta.gov.np/individual/register बाट गर्न सकिने छ | हाल संचालनमा रही प्रयोगमा आएका मोवाइलहरु संचालनमा कुनै बाधा अवरोध नआउने व्यहोरा समेत सम्वन्धित सबैलाई जानकारी गराईन्छ |


नेपाल दूरसंचार प्राधिकरण

राष्ट्रिय नाचघर, जमल, काठमाडौं

फोन नं.: ०१–५३५५४७४

वेभसाइटः www.nta.gov.np

इमेल ठेगानाः ntra@nta.gov.np